स्थानीय सरकार

# कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

स्थापित २०७३

पत्र संख्याः २०८२/८३

चलानी नं.

गण्डकी प्रदेश, नेपाल

**दक्ष कामदारको नक्साङ्कन र दर्ताका लागि तथ्याङ्क सङ्कलक आवश्यकता सम्बन्धी सूचना!**

**सूचना प्रकाशित मितिः २०८३/०१/३०**

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश र यस कालीगण्डकी गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने दक्ष कामदारको नक्साङ्कन तथा दर्ता कार्यक्रमको प्रयोजनार्थ विभिन्न वडामा रही सीप सम्बन्धी काम गर्ने दक्ष कामदारहरुको घर वा कार्यस्थलमा पुगेर आफ्नै स्मार्ट फोन प्रयोग गरी Google Form मार्फत तथ्याङ्क संकलन गर्ने संकलकहरु आवश्यक परेको हुँदा तल उल्लेखित योग्यता पुगेका इच्छुक व्यक्तिहरु सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र निवेदन दिनुहुन सम्बन्धी सबैमा जानकारीका लागि अनुरोध छ।

१. आवश्यक तथ्याङ्क संकलकको संख्याः ७ (सात) जना

२. तथ्याङ्क संकलकको आवश्यक योग्यताः

क) कम्तिमा SLC/SEE उतीर्ण गरेको र सीप परीक्षण मुल्याङ्कनकर्ता वा तह २ को सीप परीक्षण उतीर्ण गरेको व्यक्ति वा TVET विद्यालयमा कार्यरत प्राविधिक वा सामुदायिक सिकाई केन्द्रका परिचालक वा सामाजिक परिचालक भई कार्यरत व्यक्तिहरुलाई क्रमशः प्राथमिकता दिइनेछ।

ख) स्थानीय तहमा सीप सम्बन्धीका श्रमिकहरु, अनौपचारिक कामदारहरुको समूह, नेटवर्क, संगठनबारे राम्रो सम्पर्क भएको साथै सीप परीक्षणबारे राम्रो जानकारी भएको व्यक्ति।

ग) आफ्नै स्मार्ट फोन भएको र डाटा प्रयोग गरी Google Form मा भएका प्रश्नावली अनुसार तथ्याङ्क संकलन गरी दर्ता गर्न सक्ने।

घ) सीप परीक्षणको सूचना अनुसार मिल्दो पेशाका दक्ष कामदार भेटिएमा सीप परीक्षणको फारम भराउन सक्ने व्यक्ति।

ङ) तथ्याङ्क गोपनीयता राख्न र दर्ता प्रक्रियाको अन्तिम सम्म जिम्मेवार हुन सक्ने व्यक्ति।

३. पारिश्रमिकः प्रतिदिनमा १० वटा फारम संकलन गरे वापत १ दिनको गणना हुने र प्रतिदिन रु. १३०० का दरले भुक्तानी हुने (सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखराबाट रु. ६५० र स्थानीय तहबाट रु. ६५०)।

**नोटः** छनौट भएका व्यक्तिहरुलाई स्थानीय तहबाट दक्ष कामदारको नक्साङ्कन र दर्ताका लागि तथ्याङ्क संकलन गर्न Google Form भर्नेबारे क्षमता अभिवृद्धि गरिनेछ।

४. आवेदन दस्तुरः रु ३००।–

५. छनौट किसिमः संक्षिप्त सूची, अन्तर्वार्ता।

६. निवेदन पेश गर्ने स्थानः कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा।

**थप जानकारीको लागि सम्पर्कः सनम थापा- ९८६७१६११३४ , केशव ढकाल – ९८६७२४४६०१**

८३।०१।३०

(भेषराज आचार्य)

प्रमुख प्रशासकीय अधिकृत